नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७७/०७८

चलानी नं. : ३३५

मिति:२०७७।१२।०३

श्री स्थानीय तह, (सम्बन्धित सबै)।

विषयः- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको आ.व. २०७६/७७ को दायित्व सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. ४५, मिति २०७७/०५/०८ को पत्रमार्फत आ.व. २०७६/७७ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमध्ये कोभिड १९ को कारण समयमै सम्पन्न हुन नसकी चालु आ.व.मा दायित्व सरेको रकमको विवरण माग गरिएकोमा कतिपय स्थानीय तहहरुबाट प्राप्त विवरणहरु स्पष्ट नरहेको कारण सिर्जित दायित्व एकीन गर्न कठिनाई भएको छ। उल्लिखित कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ मा तहाँ स्थानीय तहका लागि विनियोजित बजेटमध्ये ठेक्का प्रकृया मार्फत आयोजना सञ्चालनको लागि सम्झौता भएको तर कोभिड १९ को कारण समयमै काम सम्पन्न हुन नसकी ठेक्काको म्याद थप भई हाल आयोजना सम्पन्न भएको अवस्थामा त्यसरी म्याद थप गरिएको कारण के कति दायित्व सिर्जना भएको छ सोको विवरण देहाय बमोजिमको ढाँचामा पछिसम्म फरक नपर्ने गरी ७(सात) दिनभित्र मन्त्रालयको इमेल ठेगाना planning.section@mofaga.gov.np मा उपलब्ध गराइदिनुहुन अनुरोध छ।तोकिएको समयभित्र विवरण प्राप्त नभएको कारण सिर्जित दायित्व भुक्तानीका लागि स्रोत व्यस्थापन हुन नसकेमा सम्बन्धित स्थानीय तह स्वयम् जिम्मेवार रहने व्यहोरा समेत मिति २०७७/१२/०३ को निर्णयानुसार(सचिवस्तर) अनुरोध छ।

| निर्वाचन क्षेत्र | आयोजनाको नाम | विनियोजित रकम | ठेक्का सम्झौता रकम | सम्झौता मिति | निर्माण कम्पनीको नाम | आयोजना सम्पन्न भएको मिति | भुक्तानी गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(२०७७।१२।०३)

(शान्ति पौडेल)

शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा, वेवसाइटमा प्रकाशन गरिदिनुहुन।